# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : ४ संख्या : ६ जेठ २६, २०८१

### भाग-३

### सूचना

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८१/०२/२६ गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ।

| निर्णय नं. | निर्णय |
|---|---|
| १ | यस भन्दा अगाडी कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको छलफल तथा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोष जनक पाइयो । |
| २ | मालपोत कार्यालय तमघास, गुल्मीको च.नं. १७१८ मिति २०८०/०२/१८ गतेको पत्र र मालपोत कार्यालय मजुवाबजार, गुल्मीको च.नं. ६८२ मिति २०८०/०२/१८ गतेको पत्र बमोजिम आ.व.२०८१/०८२ को लागि घरजग्गा रजिष्ट्रेशनको थैलि अंक कायम गर्ने प्रयोजनको लागि रायसुझाव माग गरेकोमा चालु आ.व.मा कायम रहेको राजश्व रकममा १०% ले बृद्धि गरि घरजग्गा रजिष्ट्रेशनको थैलि अंक कायम गर्नको लागिसम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो । |
| ३ | गुल्मीदरबार गाउँपालिकाको आ.व.२०७९/०८० को अन्तिम लेखा परीक्षणको प्रतिवेदन प्राप्त भएको हुँदा सो प्रतिवेदन गाउँ कार्यपालिकाको बैठकमा छलफल गरि बेरुजु संपरीक्षण गरि फर्छ्यौटका लागि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो । |
| ४ | लुम्बिनी प्रदेश सरकार र गाउँपालिकाको लागत साझेदारीमा सञ्चालन हुने बहुवर्षिय नव प्रवर्द्धन कार्यक्रमलाई कार्यान्वयन ५०% गर्दा अनुदानमा लाभग्राहीको सहभागिता सुनिश्चित गरि कार्यक्रम सञ्चालन गर्ने । चालु आ.व.मा यस कार्क्रमबाट तपशिल बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय गरियो ।<br>तपशिलः<br>१. अभिमुखिकरण कार्क्रम रु.१५००००।—<br>२. गाडी भाडा रु.१०००००।—<br>३. मिनिटेलर र कम्वाइन मिल खरिद रु.१००००००।—<br>४. स्प्रेयर खरिद रु.१०००००।—<br>५. संकलन कर्ता रु. ५००००।- |
| ५ | गुल्मीदरबार गाउँपालिकाको प्रशासन योजना तथा अनुगमन शाखा र राजश्व शाखामा सूचना सहायक पदमा कार्यरत प्रकाश थापाले २०७० साल मंसिर देखि जुभुङ्ग गा.वि.स.मा सामाजिक परिचालक पदमा कार्यरचत रहेकोमा २०७३ साल फागुन २७ गते नेपाल सरकारले स्थानीय तहको घोषणा गरि कार्यान्वयन गर्दा उक्त साविक जुभुङ्ग गा.वि.स.गुल्मीदरबार गाउँपालिका वडा नं. २ भएको र तत्कालिन समयमा कर्मचारी अभाव भएको हुँदा २०७५/०१/०२ गते देखि सहायक चौथो तह सूचना सहायक पदमा कामकाज गर्ने गरि गाउँ कार्यपालिकाले निर्णय गरि गाउँपालिकामा कामकाज गरि रहेको । गुल्मीदरबार गाउँपालिकामा सूचना सहायक पदको कुनै पनि दरबन्दी नरहेको र गाउँपालिकाले संगठन तथा व्यवस्थापन सर्वे गरि सहायक कम्प्यूटर अपरेटर पदको दरबन्दी श्रृजना गरेको उक्त पद हालसम्म रिक्त रहेको हुँदा सोही दरबन्दीमा पदस्थापना गरि पाउँ भनि मिति २०८१/०२/०१ मा निवेदन पेश गरेको हुँदा निजले गाउँपालिकामा गरेको काम सन्तोष जनक रहेको र सो पदमा आवश्यकन्यूनतम योग्यता प्राप्त समेत गरेकोले गाउँपालिकाले महसुश गरि निजलाई २०८१/०३/०१ गते देखि सहायक कम्प्यूटर अपरेटर पदमा करार सम्झौता गरि कामकाजमा लगाउने निर्णय गरियो । |
| ६ | गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको गाउँ सभाको १५औं अधिवेशन २०८१/०३/०५ गते अपरान्ह १:०० बजे गाउँपालिकाको सभाहलमा आव्हान गर्ने निर्णय गरियो । |

आज्ञाले,

(राजिव पन्थी)

प्रमुख प्रशासकीय अधिकृत